पाठ ५

# सङ्गीतमा आराधना

सङ्गीत कहाँ शुरू भयो? कुनै पनि जाति वा मानिसको समूहले सङ्गीतको शुरूको सम्बन्धमा दाबी गर्न सक्दैन, किनकि एक वा अर्को रूपमा सबै मानिसहरूसँग यो भएकै देखिन्छ। अति नै प्राचीन संस्कृतिहरूमा पनि भजनहरू र श्लोकहरूमा आफ्ना आनन्द र वेदनाहरूलाई प्रकट गर्नका लागि सहायता पुऱ्याउने ढयाङ्ग्रो वा साङ्गीतिक बाजागाजाहरू भेट्टाइन्छन्।

बाइबलले सबैभन्दा पहिलेको सङ्गीतको विवरण दिएको छ। अय्यूब ३८:७-ले हामीलाई बताएको छ, कि "ताराहरूले एकसाथ गाए, र स्वर्गीय-जनहरू रमाहटले कराए।" हामीलाई यस सम्बन्धमा थाहा भएअनुसार पृथ्वीको सृष्टि हुनुभन्दा पहिले नै स्वर्गमा सङ्गीत शुरू भएको थियो।

सङ्गीत महत्त्वपूर्ण छ, किनकि हाम्रो विचारको तरीका, र हाम्रा भावनाका कुराहरूमा यसले प्रभाव पार्न सक्छ, र हामीले गर्ने कामको तरीकालाई पनि यसले परिवर्तन गर्न सक्छ। यदि गल्ती प्रकारले प्रयोग गरियो भने, सङ्गीतचाहिँ दुष्टको निम्ति बलियो शक्ति हुन सक्छ। सङ्गीतलाई ठीक किसिमले प्रयोग गरियो भने यसले शान्ति र मिलाप ल्याउन सक्छ; यसले हामीलाई परमेश्वरको नजीक ल्याउन सक्छ। सङ्गीतको सबैभन्दा ठूलो उद्देश्य प्रभुलाई आराधना र महिमा गर्नु हो।



बाजागाजा र सोर सङ्गीत दुवैद्वारा आराधना गर्ने विभिन्न उदाहरणहरू बाइबलले हामीलाई दिएको छ। परमेश्वरलाई धन्यवाद र प्रशंसा गर्ने हाम्रो सेवामा हामीलाई सहायता पुऱ्याउनका निम्ति यी हामीलाई दिइएका हुन्।

**यस पाठमा तपाईंले यी विषयहरूको अध्ययन गर्नुहुनेछ. . .**

गीत (भजन)-द्वारा सेवा पुऱ्याउनु
बाजागाजाहरूद्वारा सेवा पुऱ्याउनु
सङ्गीतद्वारा आशिषित् हुनु

**यस पाठले तपाईंलाई यी विषयहरूमा सहायता पुऱ्याउनेछ. . .**

- कुन-कुन सङ्गीतहरू आराधनाका बाइबलीय प्रकटहरू हुन्, सो चिन्न।

- किन कुनै-कुनै गीतहरूले परमेश्वरलाई र अरू कुनैले मानिसलाई सेवा पुऱ्याउँछन् र कुनैले कसैलाई पनि सेवा पुऱ्याउँदैनन् यसका कारणहरू दिन।
- आराधनापूर्ण सङ्गीतले विश्वासीहरूमा ल्याउने शक्ति, परिवर्तन र स्वतन्त्रताको इच्छा गर्न।

## गीत (भजन)-द्वारा सेवा पुऱ्याउनु

उद्देश्य १ : *आराधनाका भजनहरूका उदाहरणहरूलाई चिन्नुहोस्।*

> परमेश्वरप्रति आफ्नो हृदयमा रहेको कृतज्ञतासाथ भजन, स्तुति र आत्मिक गान गाओ। कुरा वा काममा जे-जे गर्छौ, सबै कुरा उहाँद्वारा नै परमेश्वर पितालाई धन्यवाद चढाउँदै, प्रभु येशूको नाउँमा गर (कलस्सी ३:१६-१७)।

गाउँनू भनी बाइबलले हामीलाई आज्ञा गरेको छ। यसभन्दा माथि उद्धृत गरिएको कलस्सीको खण्डसँग एफिसी ५:१६ प्रायःजसो शब्द-शब्दमा नै मिल्छ। भजनहरू र गानहरूलाई बाइबलमा सयौं पल्ट उल्लेख गरिएको छ भन्दा बढ़ाइ-चढ़ाइ गरिएको हुँदैन। गीतमा परमेश्वरलाई प्रशंसा गरेको उहाँले हामीलाई चाहनुहुन्छ, किनकि उहाँ हाम्रो प्रशंसाको योग्य हुनुहुन्छ र यसले आत्मिक रूपमा हाम्रा लागि अति ठूलो आशिष् पुऱ्याउँछ।

कतिपय हाम्रा ख्रीष्टियान भजनहरूलाई भजनसंग्रहको पुस्तकबाट लिइएका छन्, जुनचाहिँ सङ्गीतमा ढालिएको बाइबलको खण्ड हो। यो विचारचाहिँ यस पुस्तकसँग शुरू भएको होइन, किनकि भजनसंग्रहको पुस्तक यहूदी राज्यको भजनको पुस्तक नै

थियो। तिनीहरूसँग भोजका दिनहरूका निम्ति विशेष भजन (भजनसंग्रह ८१-जस्तै), क्षमाको निम्ति बिन्ती गर्ने भोजनहरू (भजनसंग्रह ५१-जस्तै), र अन्य विभिन्न किसिमका भजनहरू थिए। यद्यपि, ठूलो संख्यामा चाहिँ प्रशंसा र धन्यवादज्ञापनका भजनहरू थिए।

यी भजनहरू, अन्य भजनहरू र पवित्र गानहरू गाउनका लागि नयाँ करारले हामीलाई उत्साह दिएको छ। आजका ख्रीष्टियान गीतहरू पुराना भजनहरूजस्तै विभिन्न छन्– अन्त्येष्टि र विवाहजस्ता विशेष अवस्थाहरूका निम्ति भएका भजन-हरू, प्रार्थना र बिन्तीका भजनहरू, प्रशंसा र आराधनाका भजनहरू।

प्रत्येक किसिमको भजनले कुनै उद्देश्यलाई पूरा गरेको हुन्छ। "म जस्तो छु, त्यस्तै आउँछु," भन्ने भजनले प्रभुकहाँ आउनका लागि एक पापीलाई उत्साह दिन्छ, किनकि ऊजस्तो छ, त्यस्तै उहाँकहाँ आउन सक्छ, यसैले वेदीमा अगाड़ि आउनका लागि निमन्त्रणा दिँदा यसलाई प्रयोग गरिन्छ। "हे परमेश्वर, मलाई खोज्नुहोस्," भन्ने भजनले पवित्र आत्माको खोजमा आफूलाई खोल्नका लागि एक विश्वासीलाई सहायता पुऱ्याउँछ र यसरी उसले आफ्नो प्रत्येक क्षेत्र प्रभुलाई अर्पण गर्नका लागि यसले सहायता गर्छ।

आराधनाका धेरै भजनहरू समर्पणजस्ता विषयका साथमा शुरू हुन्छन्। जे-जस्तै मूल्य चुकाउनु परे तापनि हामी प्रभुमा आज्ञाकारी हुन्छौं भनी हामी उहाँलाई बताउँछौं। उहाँको आज्ञापालन गर्न हामी किन इच्छुक छौं भन्ने कुरा भजनले हामीलाई स्मरण गराउँछ– उहाँ योग्य हुनुभएको कारणले नै हामी यसो गर्छौं। पछि गएर यसलाई महसूस नगरीकन नै हामी निरन्तर रूपमा भइरहने आराधनामा सहभागी बन्छौं र प्रभु-

कहाँ गाइरहेका हुन्छौं। हामीले प्रशंसामा "आफैलाई हराउँछौं।"

आफ्ना सोरहरू गाउने खालका छैनन् भनी विचार गरी धेरै ख्रीष्टियानहरूले प्रशंसाको यस स्थानलाई गुमाएका छन्। तर आराधनाका भजनहरू विशेष अवसरहरूका निम्ति वा घरमा मानिसहरूले सुन्नका लागि गाइएका वा रेकर्ड गरिएका होइनन्। ती ता परमेश्वर र हाम्रा बीचमा भएका प्रशंसाका भजनहरू हुन्– उहाँका निम्ति भएका हाम्रा प्रेमका भजनहरू। अरू मानिसहरूले ती सुनेर आनन्द मनाए तापनि तिनीहरूको कृतज्ञता दोस्रो हो। हामीहरू सबैभन्दा पहिले प्रभु र प्रभुको *निम्ति* गाउँछौं।

हामीले सुन्दा आराधनाको भजन नै हो भनी हामी कसरी जान्न सक्छौं? आराधनाको भजनले नता हाम्रो आफ्नै बारेमा, न हाम्रा आवश्यकताहरूका बारेमा बताउँछ, नता ख्रीष्टकहाँ आउनका लागि पापीहरूलाई नै निमन्त्रणा गर्छ। यसले परमेश्वर-लाई उचाल्छ, येशूलाई प्रशंसा गर्छ, र प्रभुको महानता र भलाइको वर्णन गर्छ। यो यस्तो किसिमको भजन हो, जसले हामीलाई हाम्रा वरिपरिबाट उठाएर ख्रीष्टका स्वर्गीक स्थान-हरूमा पुऱ्याउँछ। यो हामीले कण्ठ गरेको साधारण कोरस मात्र पनि हुन सक्छ, तर यसले पितालाई महिमित तुल्याउँछ।

> म परमप्रभुको महान् कृपाको प्रशंसा सधैँको निम्ति गाउनेछु, सबै पुस्तासम्म म तपाईंको विश्वस्तता मेरै मुखले जनाउनेछु। तपाईंको कृपा सदाको निम्ति दृढ़ रहिरहनेछ र स्वर्गमा नै तपाईंले आफ्नो विश्वस्तता स्थिर गर्नुभयो भनी घोषणा गर्नेछु (भजनसंग्रह ८९:१-२)।

## तपाईंको अभ्यासको निम्ति

१ तल दिइएकाहरूमध्ये कुनचाहिँ वाक्यले बयानलाई पूरा गर्छ? आराधनाको भजन अरू भजनहरूभन्दा फरक हुन्छ, किनकि आराधनाको भजन
क) शान्त र गम्भीर हुन्छ।
ख) -ले हाम्रा भुलहरूको हामीलाई याद दिन्छ।
ग) -ले परमेश्वरलाई मात्र महिमा दिन्छ।
घ) -ले पापीहरूलाई ख्रीष्टकहाँ निमन्त्रणा गर्छ।

२ वाक्यलाई पूरा गर्ने ठीक बयानलाई छान्नुहोस्।
भजनसंग्रह यहूदी भजनहरू हुन्, जुन
क) प्रशंसाका भजन हुन्।
ख) -मा विभिन्न विषयहरू समावेश गरिएको छ।
ग) -को अर्थ भेट्टाउन कठिन छ।

३ आराधनाका भजनको सङ्केत गर्ने प्रत्येक वाक्यको अगाड़िको अक्षरमा घेरा लगाउनुहोस्।
क) "म जहाँ गएको तपाईं चाहनुहुन्छ, म त्यहीँ जानेछु।"
ख) "यो संसार मेरो घर होइन।"
ग) "पवित्र, पवित्र, पवित्र, परमप्रभु सर्वशक्तिमान् परमेश्वर!"
घ) "मेरा उद्धारकर्ता, म तपाईंलाई प्रेम गर्छु।"

तपाईंका उत्तरहरू जाँच्नुहोस्।

## बाजागाजाहरूद्वारा सेवा पुऱ्याउनु

उद्देश्य २: *आराधनामा बाजागाजा प्रयोग गर्ने सम्बन्धी सिद्धान्तहरूका बयानहरूलाई चिन्नुहोस्।*

साङ्गीतिक बाजागाजाका साथ परमप्रभुलाई आराधना गर्ने कुरा पुरानो करारमा घरीघरी उल्लेख गरिएको छ। विभिन्न किसिमका बाजागाजाहरूलाई प्रयोग गरिएको थियो– तुरही र बाँसुरीजस्ता हावा, बाजाहरू, वीणा र सारङ्गीजस्ता तार बाजाहरू र मादल र खैंजड़ीजस्ता आघात (ठोक्ने) बाजाहरू। पुरानो करारका आराधकहरूले परमप्रभुलाई प्रशंसा गर्नका लागि आफूसँग भएका जुनसुकै बाजाहरूलाई पनि प्रयोग गर्ने गर्थे।

तिनीहरूको उदाहरण पछ्याएर हामी पनि हामीसँग भएका बाजागाजाका साथ परमप्रभुलाई प्रशंसा गर्न सक्छौं। हामीले परमेश्वरलाई आदर र महिमा गर्न चाहँदा प्रयोग गर्नका लागि "ठीक" र "बेठीक" भन्ने खालका बाजाहरू त्यहाँ छैनन्। कुनै व्यक्तिले बिजुलीबाट चल्ने बाजा बजाउँछ वा विभिन्न किसिमका सङ्गीतको प्रदर्शन गर्छ होला। अर्कोले चाहिँ मादल ठोक्छ होला वा खैंजड़ी हल्लाउँछ होला। तर सबैले परमेश्वरको महिमाको लागि बजाएका हुन्छन्।

के हामीले पालन गर्नुपर्ने केही निर्देशनहरू त्यहाँ छन् त? प्रवृत्तिचाहिँ सबैभन्दा महत्त्वपूर्ण कुरा हो भनी हामीले यसभन्दा पहिलेको पाठमा अध्ययन गरिसकेका छौं। यदि मैले कुनै बाजा बजाउनुपऱ्यो भने म आफूले सक्ने प्रयास गर्नेछु, किनकि परमेश्वर मेरो उच्च लगनशीलताको योग्य हुनुहुन्छ– तर यसको अर्थचाहिँ म निपूण नहोऊञ्जेलसम्म पर्खिरहनुपर्छ भन्ने हुँदैन। यहाँ र अहिले मैले गर्न सक्ने मेरो निपूणतालाई म यहाँ प्रदर्शन गर्छु।

तर मेरो खूबी "देखाउने" मौकाको रूपमा सङ्गीतलाई प्रयोग नगर्नका निम्ति म यसै बेला सचेत पनि रहन्छु। घमण्डचाहिँ पाप हो। मैले यस कुरालाई याद गर्नैपर्छ कि मसँग जे-जस्ता खूबी छन् ती सबै परमेश्वरबाट आएका हुन् र मैले सेवा पुऱ्याउँदा प्रेममा नै यसलाई गरिनुपर्छ। नत्रभने मेरो सङ्गीतचाहिँ हल्ला मच्चाउने घण्टा र झ्याइँ-झ्याइँ गर्ने झ्यालीभन्दा बढ़ी मूल्यको हुँदैन (१ कोरिन्थी १३:१)।

सङ्गीत विभिन्न किसिममा आउँछ। कुनै-कुनै चर्को र फुर्तिलो र कुनै-कुनै मधुर र शान्त। ख्रीष्टियान आराधनामा प्रत्येकको आफ्नै उचित ठाउँ छ। यद्यपि, अरूहरूको रुचीलाई पनि मैले ध्यानपूर्वक विचार गर्नैपर्छ। मानिसहरूलाई बाधा पर्छ भनी मलाई थाहा छ भने म चर्को सङ्गीत बजाउँदिनँ। एक-अर्कालाई आदर देखाउने सिद्धान्त (रोमी १२:१०) सङ्गीतमा र साथसाथै हाम्रो जीवनका अन्य क्षेत्रहरूमा लागू हुन्छ।

यदि परमेश्वरले तपाईंलाई साङ्गीतिक खुबीसाथ आशिष् दिनुभएको छ भने, सुसमाचार फैलाउनका निम्ति र हृदयस्पर्सी आराधनामा अरूहरूलाई उत्साह गर्नका लागि तपाईंलाई सहायता पुऱ्याउनका लागि उहाँसँग बिन्ती गर्नुहोस्। तपाईंले प्रार्थना गर्नुभएपछि उहाँले तपाईंलाई ठीक भजनहरू र कोरसहरूका सङ्गीत बजाउनका लागि अगुवाइ गर्नुहुनेछ। प्रस्तुत गरिनुभन्दा पहिल्यै यिनीहरूलाई ध्यानपूर्वक अभ्यास र विचार गरिनुपर्छ। तपाईंले छान्नुभएको प्रत्येक सङ्गीतलाई परमेश्वरले अभिषेक गर्नुहुनेछ र प्रेरणा र निर्देशन पनि प्रदान गर्नुहुनेछ।

तपाईंको व्यक्तिगत भक्तिको समयमा पनि तपाईंले आफ्ना बाजाहरूलाई प्रयोग गर्न सक्नुहुन्छ। परमेश्वरलाई सङ्गीत चढ़ाउँदा, तपाईंका आफ्नै सङ्गीत वा शब्दहरूका निर्माण गर्दा वा हाम्रा प्रभुको सुन्दरता र महानता तपाईंको मनमा ल्याउने

अति अर्थपूर्ण सङ्गीतलाई दोहोऱ्याउँदा तपाईंले आनन्द प्राप्त गर्नुहुनेछ। सङ्गीतचाहिँ मानिसलाई दिइएको परमेश्वरको एक ठूलो वरदान हो। हामीले परमेश्वरलाई चढ़ाउने ठूलो वरदानको रूपमा पनि हामी यसलाई लिन सक्छौं।

**तपाईंको अभ्यासको निम्ति**

**४** बायाँपट्टि दिइएका बाइबलका पदहरूलाई पढ्नुहोस्। यससँग मिल्ने साङ्गीतिक आराधनाको संख्यालाई प्रत्येक पदको अगाड़िको खाली ठाउँमा लेख्नुहोस्।

| | |
|---|---|
| ... **क** प्रस्थान १५:१६-२० | १) मन्दिरको पुनर्निर्माणमा |
| ... **ख** १ इतिहास १५:२८ | २) जब करारको सन्दूक सारियो |
| ... **ग** एज्रा ३:१० | ३) शत्रुहरूमाथि विजयताको कारण |
| ... **घ** प्रकाश १४:२ | ४) स्वर्गमा |

**५** वाक्यलाई पूरा गर्नुहोस्। यदि सङ्गीतचाहिँ मानिसलाई दिइएको परमेश्वरको एउटा वरदान हो भने तब यसलाई ............................................ अधिकार हामीसँग छ।

**६** आराधनामा सङ्गीत सम्बन्धी तल उल्लेखित कुनचाहिँ सिद्धान्त वा निर्देशन **सत्य** छ?

**क**) बाइबलमा नाउँसहित उल्लेख गरिएका साङ्गीतिक बाजाहरूलाई मात्र हामीले प्रयोग गर्नुपर्छ।

**ख**) परमेश्वरको महिमाको निम्ति यदि हामीले बजायौं भने हामी कुनै पनि बाजा बजाउन सक्छौं।

ग) सङ्गीतमा पनि हामीले मानिसहरू र उनीहरूका भावनाहरूलाई आदर दिनुपर्छ।

घ) साङ्गीतिक बाजाहरू व्यक्तिगत भक्तिको समयमा पनि बजाउन सकिन्छ।

## सङ्गीतद्वारा आशिषित् हुनु

उद्देश्य ३ः *आराधनापूर्ण सङ्गीतका कम-से-कम तीनवटा आशिष्‌हरूको सूची बनाउनुहोस्।*

सङ्गीत र भजनमा प्रभुलाई गरिएको आराधनाद्वारा जितिएको युद्धको अचम्मको विवरण दोस्रो इतिहास २० अध्यायले हामीलाई दिएको छ। तीनवटा दुष्ट राज्यहरूले गठबन्दन गरी सानो यहूदा राज्यको विरुद्धमा आफ्ना सेनाहरू पठाएपछि यो भएको हो। तिनीहरूका असंख्य सेनाहरूका कारण युद्धचाहिँ तिनीहरूकै पक्षमा भएको जस्तो देखियो।



जब परमेश्वरका मानिसहरूले यस बारेमा सुने, सहायताको निम्ति तिनीहरूले उहाँलाई पुकार गरे। तिनीहरूलाई सैनिक रणनीतिमा अगुवाइ गर्नुको सट्टा "परमप्रभुलाई प्रशंसा होस्! उहाँको प्रेम अनन्त छ!" भन्दै गाउने गायकहरूलाई सेनाहरूका अगि-अगि हिँड्नका लागि पठाउनु भनी उहाँले तिनीहरूलाई आज्ञा गर्नुभयो। तिनीहरूले गाउन थालेपछि, परमप्रभुले ती आक्रमणकारीहरूमाथि विपत्ति पठाउनुभयो। ती सेनाहरू एक-अर्काका विरुद्धमा उठे र एक-अर्कालाई मारे। तिनीहरूका मालताल लिनका लागि मात्र परमेश्वरका जनहरू पछिबाट त्यहाँ गए। तब तिनीहरू वीणा र तुरहीहरू बजाउँदै र परमप्रभुले तिनीहरूलाई विजयी दिनुभएकोमा उहाँलाई महिमा दिँदै शहरमा फर्केर गए।

यस घड़ीमा हामीले वास्तविक युद्धको सामना गर्नुपरेको छैन होला, तर एफिसी ६-ले हामीलाई याद दिलाउँछ कि आज हाम्रा शत्रुहरू रगत र मासु होइनन् तर शैतान र त्यसका शक्तिहरू हुन्। सयौँ वर्ष पहिले गीतद्वारा शारीरिक शत्रुलाई कब्जा गरिएझैँ, आत्मिक शत्रुलाई पनि आज हराउन सकिन्छ।

> हामीले यसमा के भन्ने त? यदि परमेश्वर हामीतर्फ हुनुहुन्छ भने, हाम्रो विरुद्धमा को हुन्छ?... कसले हामीलाई ख्रीष्टको प्रेमबाट अलग गर्ने? के सङ्कष्टले अथवा दुःखले वा खेदोले वा अनिकालले वा नग्नताले अथवा खतराले वा तरवारले ... होइन, यी सबै कुरामा हामीलाई प्रेम गर्नुहुनेद्वारा हामी विजेताहरूभन्दा पनि अझ बढ़ी छौं (रोमी ८:३१,३५,३७)।

सुसमाचारको खातिर झ्यालखानमा फालिएका पावल र सिलासले (प्रेरित १६) प्रभुमा आनन्द मनाए। तिनीहरूलाई मर्ने गरी कुटिएको र तिनीहरूका खुट्टालाई ठिगुँरोमा हालिएको

भए तापनि तिनीहरूले प्रार्थना गरे र परमेश्वरलाई प्रशंसा गाए। एक्कासि त्यहाँ ठूलो भूईँचालो गयो र तिनीहरूका बन्धनहरू खुले। परमेश्वरले तिनीहरूलाई स्वतन्त्र पार्नुभएको थियो!

तब अरू केही कुराहरू पनि भए। डराइराखेका झ्यालखानका हाकिमले आफैलाई मार्न लागेका थिए, तर आफूहरू कोही पनि नभागेका कुराको निश्चयता दिँदै पावलले उनलाई यसो गर्नबाट रोके।

"महाशयहरू, उद्धार पाउनलाई मैले के गर्नुपर्छ?" भनी उनले चिच्च्याए।

पावल र सिलासले पनि त्यस्तै मौकालाई पर्खिराखेका थिए। तिनीहरूले ती मानिसहरूलाई भने कि येशू ख्रीष्टमा विश्वास गर्नाले उनी र उनको परिवारमा उद्धार आउनेछ। उनी र उनका परिवारले विश्वास गरे र त्यसै घड़ी नै बप्तिस्मा पनि लिए। तब पावल र सिलासले दोहोरो विजयमा आनन्द मनाउन सकेका थिए।

आज पनि, सङ्गीतद्वारा मानिसहरूलाई ख्रीष्टकहाँ ल्याइएको छ। दक्षिण अमेरिकी लड़ाकुले एक सानो मण्डली भवनमा प्रवेश गरी गाएको सुनेपछि पश्चात्ताप गर्ने मौका पाएका थिए। अरूहरू पनि सङ्गीतद्वारा सुसमाचारीय सभाहरूमा आकिर्षित भएका छन्। कुनै-कुनै घटनाहरूमा सङ्गीत नै त्यति महान्जस्तो देखिएको थिएन, तर यो प्रभुलाई अर्पण गरिएको हुनाले उहाँकहाँ पुरुष र स्त्रीहरूलाई डोऱ्याउनका लागि पवित्र आत्माले यसलाई प्रयोग गर्नुभयो।

तपाईंका अनुभवहरू तिनीहरूका जस्तै नभए तापनि तीसँग मिलाउनका लागि तपाईंलाई सजिलो पर्छ। तपाईंका आफ्नै समस्याहरूका बारेमा बिर्सन र अरूहरूलाई सहायता पुऱ्याउनका



निम्ति भजनद्वारा प्रभुले तपाईंलाई सहायता पुऱ्याउनुभएको छ। प्रभु नजीकै हुनुहुन्छ र अर्को कदम चाल्नका लागि तपाईंलाई सहायता गर्न तयार हुनुहुन्छ भनी भजनद्वारा अझ तपाईं निश्चित बन्न सक्नुहुन्छ। भजनद्वारा तपाईंले नयाँ आशा र नयाँ उत्साह पाई परमेश्वर कति महान् र शक्तिशाली हुनुहुन्छ भन्ने कुरा महसूस गर्न सक्नुहुनेछ। दोस्रो इतिहास ५:१४-ले मण्डलीमा भएको एक अवसरको बारेमा हामीलाई बताउँछ, जहाँ पूजाहारी-हरूले गाए र प्रभुको उपस्थिति यति शक्तिशाली रूपमा त्यहाँ आयो कि तिनीहरूले सेवालाई निरन्तरता दिन सकेनन्। महाराजाधिराज परमेश्वरको सामुन्ने तिनीहरू डर र मौनतामा पर्खिरहे।

तपाईंले निराश र एकलोपनको महसूस गर्नुहुँदा, आराधनाका भजनहरू गाउनुहोस्। तपाईं डराउनुहुँदा प्रभुमा गाउनुहोस्। उहाँले कति छिटो तपाईंको हृदय आनन्दले भर्नुहुन्छ र सो अनुभव गर्दा तपाईंलाई अचम्म लाग्छ। तपाईंसँग मिलेर गाउनका लागि तपाईंले कसैसँग बिन्ती गर्न सक्नुहुन्छ– कुनै मित्र वा पूरै मण्डलीले नै तपाईंसँग गाउन सक्छ। गानले आनन्द र प्रेममा

हामीलाई एकसाथ बाँध्छ– अनि हामीहरू सबैलाई थाहा छ कि एकतामा चाहिँ बल हुन्छ।

यसै समयमा एक कमजोर व्यक्तिलाई येशूकहाँ पुग्नका लागि हामीले सहायता गरिराखेका हुन्छौं। उहाँले हाम्रा डरहरू हटाउनुहुन्छ र उहाँले उसका डरहरूलाई पनि हटाइदिनुहुन्छ। हामी स्वोत्पन्न भजनहरूमा आराधना गर्छौं र हामीले प्रार्थना गरेका र ध्यानपूर्वक अभ्यास गरेका विशेष भजनहरूमा आराधना गर्छौं। कुनै पनि तरीकामा वा दुवै तरीकाहरूमा हामी उठाइएका र सामर्थी बनाइएका हुन्छौं।

यद्यपि, हामीले प्राप्त गर्ने फाइदाहरूभन्दा पनि अझै महत्त्वपूर्ण कुराचाहिँ, यसमा प्रभुलाई नै सेवा गर्ने अवसर हामीले प्राप्त गरेका हुन्छौं। प्रशंसाले हाम्रा लागि के गर्छ भनेर मात्र हामीले उहाँलाई प्रशंसा गर्ने होइन तर उहाँ हाम्रो प्रशंसाको योग्य हुनुभएको कारणले नै हामीले उहाँलाई प्रशंसा गरेका हौं। धन्यवादसाथ उहाँका ढोकाहरूभित्र र प्रशंसा गर्दै उहाँका चोक-हरूमा हामी प्रवेश गर्न सक्छौं, किनकि उहाँ भला हुनुहुन्छ र उहाँको प्रेम अनन्तसम्म रहिरहन्छ (भजनसंग्रह १००)।

परमेश्वर अहिले र पूरै अनन्तभरि नै यस आराधनाको योग्य हुनुहुन्छ। हामी आनन्दसाथ परमप्रभुलाई धन्यको भनौं। हामीले उहाँलाई धन्यको भन्दा उहाँले हामीलाई आशिष् दिनुहुन्छ। उहाँको सृष्टिले भजनद्वारा उहाँलाई धन्यको भन्दा परमेश्वरले अनुभव गर्ने आनन्दलाई म कल्पना गर्न सक्छु। वास्तवमा उहाँ आफैले पनि भजन गाउनुहुन्छ! "तेरो कारण परमप्रभु आनन्दित हुनुहुन्छ। आफ्ना प्रेममा उहाँले तँलाई फेरि नयाँ तुल्याउनुहुन्छ। पर्वको दिनमा झैं तेरो कारण उहाँ गीत गाएर रमाउनुहुनेछ!" (सपन्याह ३:१७)। हल्लेलुयाह!

## तपाईंको अभ्यासको निम्ति

७ आफू समस्यामा हुँदा तल उल्लेखित कुन-कुन मानिसहरूले गाए?

**क**) यहूदाका सिपाहीहरू **ग**) सिलास

**ख**) दाऊद **घ**) वर्तमान दिनका धेरै विश्वासी

८ तल दिइएकाहरूमध्ये कुन-कुन बयानहरू ठीक छन्?

**क**) गानमा भएको हाम्रो आराधनाले प्रभुलाई आराधना गर्नका लागि अरूहरूलाई सहायता गर्न सक्छ।

**ख**) बाइबल समयहरूमा भजनद्वारा मानिसहरूलाई ख्रीष्टमा ल्याइन्थ्यो तर यस्तो घटना आज हुँदैन।

**ग**) आफूले विजय नदेखुञ्जेलसम्म परमेश्वरलाई प्रशंसा नगर्नू भनी परमेश्वरले यहूदाका मानिसहरूलाई भन्नुभयो।

**घ**) सङ्गीतमा हाम्रो आराधना कित हामीले अभ्यास गरेका भजनहरू कित स्वोत्पन्न भजनहरू गाएर हुन सक्छ।

९ यस वाक्यलाई पूरा गर्नुहोस्। भजनसंग्रह १०४:३३-मा भजनसंग्रह लेखकले भनेका छन् कि उनले ............ ...................... परमप्रभुको भजन गाउँदै रहनेछन्।

१० भजनमा हामीले प्रभुलाई आराधना गर्दा हामीले प्राप्त गर्ने कम-से-कम तीनओटा आशिष्हरूको सूची बनाउनुहोस्। उदाहरणको रूपमा हामीले एउटा दिएका छौं।

**क**) अरू विश्वासीहरूसँग एकता।

**ख**) ..........................................................

**ग**) ..........................................................

**घ**) ..........................................................

## तपाईंका उत्तरहरूको जाँच गर्नुहोस्

१ ग) परमेश्वरलाई मात्र महिमा दिन्छ।

६ **क** बेठीक **ग** ठीक
**ख** ठीक **घ** ठीक

२ ख) विभिन्न विषयहरू समावेश गरिएको छ।

७ तपाईंले सबैमा चिन्ह लगाउनुपर्छ, किनकि समस्यामा हुँदा तिनीहरू सबैले गाएका थिए।

३ ग) "पवित्र, पवित्र, पवित्र, परमप्रभु सर्वशक्तिमान् परमेश्वर!"
घ) "मेरो उद्धारकर्ता, म तपाईंलाई प्रेम गर्छु।"

८ **क** ठीक **ग** बेठीक
**ख** बेठीक **घ** ठीक

४ **क** ३) शत्रुहरूमाथिको विजयताको कारण
**ख** २) जब करारको सन्दूक सारियो
**ग** १) मन्दिरको पुनर्निर्माणमा
**घ** ४) स्वर्गमा

९ आफ्नो पूरै जीवन

५ फेरि परमेश्वरकहाँ चढ़ाउने

१० तपाईंको उत्तर। डरलाई हटाइयो, सहायता र सामर्थ्य प्राप्त गर्नु, आनन्दले भरिनु वा मानिसहरू ख्रीष्टमा तानिनु जस्ता विषयहरूको तपाईंले सूची बनाउन सक्नुहुन्छ। तपाईंले प्राप्त गर्नुभएका अन्य आशिष्हरूका पनि तपाईंले सूची बनाउन सक्नुहुन्छ।